साँफेबगर नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
साँफेबगर, अछाम
सुदूरपश्चिम प्रदेश, नेपाल

फोन नं. ०९७६२५१७८ / ६२५१८०
फ्याक्स नं. ०९७६२५१३७
E-mail Id : sanfebagarmun@gmail.com
Website : www.sanfebagarmun.gov.np

<u>शर्तहरु:</u>

१. नगरपालिकावाट गरिएको वातावरणिय प्रभाव मुल्यांकन (IEE) मा तोकिएको घाटगद्दि स्थलहरुमा मात्र नदिजन्य पदार्थ संकलन / उत्खनन् गर्नु पर्नेछ ।

२. बोलपत्र प्रकासित भएको मितिवाट मिति २०७९/०५/३० गते सम्म कार्यालय समयभित्र राजस्व शाखाबाट रु ३००० /- फिर्ता नहुने गरी बोलपत्र खरिद गर्न सकिने छ साथै राष्ट्रिय बाणिज्य बैंक, मंगलसेन शाखा अछाममा रहेको यस कार्यालयको खाता नं. ४२६०१००३०१०१०००४ (राजस्व) खातामा जम्मा गरी बैंक भौचर पेश गर्नु पर्ने छ ।

३. यो सूचना प्रकाशित भए बमोजिम खरिद भएका बोलपत्रहरु २०७९/०५/३१ गते १२:०० बजे भित्र दाखिला गरि सक्नुपर्नेछ र सोहि दिनको २:०० बजे बोलपत्र खोलिनेछ ।

४. ठेक्का लिन ईच्छुक फर्मले कबुल अंकको ५ प्रतिशतले हुन् आउने धरौटी रकम जम्मा गर्नुपर्नेछ । धरौटी बापतको रकम यस साँफेबगर नगरपालिका, नगरकार्यपालिका कार्यालयको नाममा राष्ट्रिय बाणिज्य बैंक, मंगलसेन शाखामा रहेको धरौटी खाता नं. ४२६०१००३०३००००००४ मा नगदै जम्मा वा नेपाल रास्ट्र बैंकबाट मान्यता प्राप्त बाणिज्य बैंकले जारी गरेको १२० दिन म्याद भएको बिडवन्डको सक्कल प्रति संलग्न गर्नुपर्नेछ ।

५. कबोल रकम अंक र अक्षरमा प्रस्ट लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

६. बोलपत्र पेश गर्ने र खोल्ने दिन सार्बजनिक बिदा परे लगतै कार्यालय खुलेको दिन तोकिएकै समयमा सो सम्बन्धि काम हुने छ ।

७. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । यस सम्बन्धी कुनै कुरा बुझ्न चाहेमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिने छ ।

८. ठेक्का कबुल अंकको रकम ठेकेदारले ३ (तीन) किस्ता गरी बुझाउनु पर्नेछ । पहिलो किस्ता सम्झौताको समयमा कबोल अंकको ४० प्रतिशत, दोस्रो किस्ता पुष मसान्तसम्म – कबोलको ३० प्रतिशत र अन्तिम किस्ता चैत्र मसान्तसम्म – कबोलको ३० प्रतिशत बुझाई सक्नुपर्नेछ । किस्ताबन्दीमा रकम बुझाउने सम्झोता गरेमा पहिलो किस्ता नगदै र बाँकि किस्ताको हकमा नेपाल राष्ट्र बैंकबाट स्वीकृत प्राप्त बाणिज्य बैंकको सम्झौता अवधि भन्दा एक महिना थप अवधि सम्मको परफरमेन्स वण्ड बैंक ग्यारेन्टी पेश गर्नुपर्नेछ ।

९. ठेक्का कबोल गर्ने फर्म, सस्था वा कम्पनीले थप १३ प्रतिशत मुल्य अभिवृद्धि कर संकलन गर्नुपर्नेछ । यसरी संकलित रकम ठेकेदार आफैले आन्तरिक राजश्व कार्यालयमा बुझाई सोको प्रमाण नगरकार्यपालिकाको कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ।

१०. ठेकेदारले नेपाल सरकार तथा नगरकार्यपालिकाको कार्यालयले समय समयमा दिएको निर्देशनको पालना गर्नुपर्नेछ । कार्यालय र ठेकेदार बिच कुनै विवाद उत्पन्न भएमा नगरकार्यपालिकाको कार्यलयले गरेको निर्णय अन्तिम हुनेछ ।

११. ठेकेदारले सम्झौतापत्रमा तोकिएको वस्तुहरुमा मात्र तोकिए बमोजिमको दरमा कर संकलन गर्नुपर्नेछ । सो भन्दा बढी मालवस्तु वा दररेटमा उठाउन पाईने छैन । पट्टापूर्जीमा तोकिएको दर तथा तोकिएको सामग्री भन्दा फरक हुनेगरी कर संकलन गरेमा नियमानुसार कारवाही गरिनेछ ।

१२. नगरपालिकाले तोकेको कर संकलन रसिदहरु ठेकेदारले आफ्ना तर्फबाट छपाई सो रसिदहरु यस कार्यालय प्रमुखबाट प्रमाणित गरी प्रयोग गर्नुपर्नेछ । प्रमाणित नगरी प्रयोग रसिदहरुबाट कुनै समस्या आइपरेमा नगरकार्यपालिकाको कार्यालय जवाफदेही हुनेछैन ।

१३. प्रचलित नियमानुसार कालोसूचीमा परेको र नगरकार्यपालिकाको कार्यलयलाई बुझाउनु बाँकी बक्यौता भएका ब्यक्ति, फर्म तथा कम्पनीहरुको बोलपत्र उपर कुनै कारवाही हुनेछैन ।

नि. प्रमुख प्रशासकीय अधिकृत

१४. नगरकार्यपालिकाले तोकेको कर संकलन गर्ने रसिदहरु ठेकेदारले आफ्‌ना तर्फवाट छपाई सो रसिदहरु यस कार्यालयका कार्यालय प्रमुखवाट प्रमाणित गरी प्रयोग गर्नुपर्नेछ । प्रमाणीत नगरी प्रयोग गरिएका रसिदहरुवाट कूनै समस्या आइपरेमा नगरकार्यपालिकाको कार्यालय जवाफदेही हुनेछैन ।

१५. ढुंगा, गिट्टी, बालुवा र ग्राभेल उत्खनन गर्ने घाटगद्दी स्थलसम्म जान आउन आवश्यक पर्ने बाटो बनाउन तथा बाटो मर्मत गर्नुपर्ने अवस्था आएमा ठेकेदारले आफ्‌नै तर्फवाट गर्नुपर्नेछ । गिट्टी,ढुंगा, बालुवा र ग्राभेल लिन कुनै व्यक्ति वा निकायको निजी जग्गा वा वनक्षेत्र भित्र जानुपर्ने भएमा सम्वन्धित व्यक्ति वा निकायको स्वीकृति लिएर गर्नु परेमा स्वयंम ठेकेदारले लिनुपर्नेछ ।

१६. नदि खोलाको घाट वा आकृति बिग्रने गरी नदि किनारमा प्राकृतिक तवरले रहेका तोड्न वा फोड्न पाईने छैन । साथै, ढुंगा,गिट्टी,बालुवा र ग्राभेल झिक्न मेसिनरी औजारको पूर्णरुपले बन्देज लगाइनेछ । कोही कसैले मेसिन प्रयोग गरेको पाइएमा कारवाहीका लागि प्रशासनिक निकायमा पठाउनु पर्नेछ । सो को जानकारी नगरपालिकालाई दिनुपर्नेछ ।

१७. ठेकेदारले प्रारम्भिक वातावरणिय परीक्षण(IEE) प्रतिवेदनमा दिएका राय सुझावहरु सम्वन्धित सरोकारवाला सबैलाई आफ्‌नै तर्फवाट जानकारी गराई सोको पालना गर्न लगाउनु पर्नेछ । यस कार्यमा लाग्ने आर्थिक व्ययभार ठेकेदारले स्वयम व्यहोर्नु पर्नेछ ।

१८. बिहान सूर्योदय भन्दा अगाडी र साझ सूर्यास्त भन्दा पछि ढुवानीका साधनहरुले घाटगद्दी स्थलमा प्रवेश गर्न पाइने छैन । यसरी नियम विपरित गएका ढुवानी साधनहरुलाई कानून बमोजिम कारवाही हुनेछ ।

१९. ठेकेदारले IEE प्रतिवेदन अनुसारको परिमाण सुदूरपश्चिम प्रदेश बाहेक अन्य प्रदेशमा निकासी गर्दा नगरपालिकाको पूर्व स्वीकृति लिनुपर्नेछ ।

२०. ठेकेदारले सूचनामा उल्लेखित परिमाण संकलन गर्दा डोजर, एक्साभेटर जस्ता निर्माण सामग्रीहरु प्रयोग गर्नु परेमा नगरपालिकाको पूर्व स्वीकृति लिनु पर्नेछ ।

२१. अन्य कार्यविधिहरु सार्बजनिक खरिद ऐन, २०६३ सार्बजनिक खरिद नियमावली, २०६४ सहित नदिजन्य पदार्थ व्यवस्थापन कार्यविधि २०७५ तथा नेपाल सरकारका अन्य प्रचलित कानुन बमोजीम हुनेछन् ।

२२. अन्य विस्तृत जानकारीको लागि कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

नि. प्रमुख प्रशासकीय अधिकृत